# भुजेल जातिको सामाजिक सांस्कृतिक अवस्था

(स्याङ्जा जिल्ला फापरथुम गा.वि.स.का भुजेल जातिको समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत

पृथ्वीनारायण वहुमुखी क्याम्पस, समाजशास्त्र/मानवशास्त्र विभाग

स्नातकोत्तर तह दोस्रो वर्षको आठौं पत्रको

प्रयोजनको लागि प्रस्तुत

**शोध-पत्र**

**शोधार्थी**

**नवराज रेग्मी**

**रोल नं : १६८/०६२**

**रजिष्ट्रेसन नं : ६-१-२९१-३८-९८**

**२०६९/२०१३**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण वहुमुखी क्याम्पस मानविकी सङ्काय अर्न्तगत समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपुर्तिको निम्ति शोधार्थी छात्र श्री नवराज रेग्मीद्धारा **भुजेल जातिको सामाजिक साँस्कृतिक अवस्था, स्याङ्जा जिल्ला फापरथुम गा.वि.स का भुजेलहरूको समाजशास्त्रीय अध्ययन** विषयमा यो शोधपत्र तयार पार्नुभएको छ। यो सोधपत्रप्रति म सन्तुष्ट छु र प्रस्तुत शोधलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु।

मिति २०६९, चैत्र

........................
शान्ताकुमारी खत्री
(उप-प्राध्यापक)
**शोध निर्देशक**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण वहुमुखी क्याम्पस मानविकी सङ्काय अन्तरगत समाजशास्त्र/मानवशास्त्र विभाग स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी श्री नवराज रेग्मीले समाजशास्त्र तर्फको आठौ पत्र प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नुभएको **भुजेल जातिको सामाजिक साँस्कृतिक अवस्था स्याङ्जा जिल्ला फापरथुम गा.वि.स का भुजेलहरूको समाजशास्त्रीय अध्ययन** विषयक शोधपत्र मूल्याङ्कन समितिबाट समाजशास्त्रको स्नातकोत्तर उपाधिका लागि उचित ठहऱ्याईएकोले स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

.........................

शान्ताकुमारी खत्री
(उप-प्राध्यापक)
**शोध निर्देशक**

.......................

ज्योति भट्टचन
(सह-प्राध्यापक)
**वाह्य परीक्षक**

........................

शान्ति भुसाल
**विभागीय प्रमुख**

**मिति २०६९ चैत्र**

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, मानविकी संकाय अन्तर्गत समाजशास्त्र/मानवशास्त्र विभागको स्नाकोत्तर तह दोस्रो वर्षको आठौ पत्र  प्रयोजनका लागि पथ्वीनारायण क्याम्पस पोखराको समाजशास्त्र मानवशास्त्र विभागमा भुजेल जातिको सामाजिक साँस्कृतिक अवस्था शीर्षकको शोधपत्र तयार गरिएको छ ।

स्याङ्जा जिल्लाको सदरमुकाम स्याङ्जा पुतलीवजार सँगै जोडिएको फापरथुम गा.वि.स.का भुजेल जातिको अध्ययनमा यो सोधपत्र केन्द्रित गरिएको छ । भुजेलजाति नेपालका विभिन्न जनजाति मध्ये एउटा हो । जसको सामजिक र साँस्कृतिक अवस्था मौलिक रहेको छ । उनीहरू खासगरी हिन्दू वर्ण व्यवस्था भन्दा वाहिरको जनजाति भएर पनि उनिहरू सोही व्यवस्थालाई आफुहरू अल्पसंख्यक भएका कारणबाट लागु गरेका छन् । यस अध्ययनमा खासगरी अल्पसंख्यकको रूपमा स्याङजा जिल्लाको फापरथुम गा.वि.स.मा रहेका भुजेल जाति जो आफ्नो भाषा धर्म संस्कृतिको बारेमा अनविज्ञ छन उनीहरूको बारेमा अध्ययन गर्न जमर्को गरिएको छ ।

यस सोधपत्र तयार गर्न क्रममा आफ्नो कार्यव्यस्तताको वावजुत पनि अमुल्य समय खर्च गरेर हरपल उत्प्रेरणा र दिशानिर्देश गर्नुहुने मेरा आदरणिय शोध निर्देशक उप-प्रध्यापक शान्ताकुमारी खत्रीज्यूप्रति हृदय देखिनै आभार प्रकट गर्न चाहान्छु । पृथ्वीनारायण क्याम्पस मानवशास्त्र/समाजशास्त्र विभागीय प्रमुख शान्ती भुसाल, अन्य प्रध्यापकहरूले मप्रति गर्नू भएको सहयोग र सदायतको भावनालाई सम्मान गर्दै कृतज्ञता ज्ञापन गर्दछु । अनुसन्धानको क्रममा मेरो साथ दिनुहुने मेरो भाई नारायण रेग्मी तथा कम्प्युटर कार्यमा सहयोग गर्नुहुने ओम अपसेट प्रेस वगरलाई पनि विषेश धन्यवाद दिन चाहान्छु । यस्तै शोधकार्य सम्पन्न गर्नका लागि आवश्यक सुझाव दिनुहुने भुजेल समाज कास्कीका अध्यक्ष पान वहादुर घर्तीलाई विषेश आभार व्यक्त गर्न चाहान्छु ।

पुस्तक पत्रपत्रिका आदि उपलव्ध गराउन सहयोग गर्नुहुने पश्चिमाञ्चल क्षेत्रिय पुस्तकालय, संपुर्ण सूचनादाता, उत्तरदाता समूह छलफलमा सहभागि माहानुभावहरू तथा मेरा परिवारजन सबै मेरा प्रेरणाका स्रोत हुन सबैलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

नवराज रेग्मी

# शोध सार

## शोध परिचय

नेपाली समाज वास्तवमा नै विभिन्नतामा एकताको प्रतीक हो । यो समाजमा भाषा, धर्म, लिङ्ग, जातजाति, समुदायहरू बीचमा सांस्कृतिक तथा सामाजिक असमानताहरू रहेका छन् । विभिन्न सुविधा सम्पन्न वर्ग जाति तथा संस्कृतिको सम्बन्धमा व्यापक अध्ययन अनुसन्धान हुने गरेको छ । ठूलो जनसंख्या भएका जनजातिहरूको अध्ययन प्रशस्त मात्रमा हुने गरेको भएपनि स-सानो जनसंख्या ओगटेका सामाजिक समूहको अध्ययन भने निकै कम मात्रमा हुने गरेको पाइन्छ ।

विभिन्न आदिवासी जनजातिहरूमध्ये भुजेल जाति पनि एउटा महत्वपूर्ण जनजाति हो । यिनीहरूको परापूर्व कालमा भूजिखोला र घर्तीकोट वरपर आफ्नो राज्य रहेको र उक्त राज्य दक्षिणतिरबाट आएका आर्यहरूले खोसी राज्यविहीन बनाएको कुरा यससँग सम्बन्धित विभिन्न अध्ययनहरूबाट पुष्टि हुन आउँछ । समयकोअन्तरालमा यिनीहरू विभिन्न कारणबाट देशका विभिन्न स्थानहरूमा छरिन पुगेकाले यिनीहरूको आफ्नो संस्कृति तथा परम्पराहरू हराउँदै गए । विभिन्न कारणबाट स्याङ्जा जिल्लाको फापरथुम गा.वि.स.मा समेत आईपुगेका भुजेल जातिको सामाजिक तथा साँस्कृतिक अवस्थाको बारेमा यस अध्ययन केन्द्रित छ ।

यसै सन्दर्भमा यिनै भुजेल जातिको सामाजिक सांस्कृतिक अवस्था र अन्य जातिसँगको अन्तरसम्बन्ध तथा यिनीहरूको आफ्नो परम्परागत संस्कृति धर्म तथा भाषाको बारेमा जान्ने प्रयास यस अध्ययनमा गरिएको छ ।

## समस्याको कथन

भुजेल जातिको मौलिक भाषा संस्कृति र विरतापूर्ण इतिहास भएर पनि सबैमा यसको जानकारी छैन । भुजेललाई काँही हिन्दू वर्णाश्रममा आधारित जाति वा थरको रूपमा त काँही मगर जातिको उपजातिको रूपमा समेत राखेको देखिन्छ । कुनैकुनै समाजमा त घर्ती भन्नासाथ दासदासीका सन्तान भन्ने गलत धारणा समेत पाइन्छ । यथार्थताको खोज गर्नुतर्फ नलागेर यस समुदायका नयाँ पिढीमा छिमेकी वाहुल्यताको आधारमा थर लेखाउने चलन पनि बढेको पाइन्छ । यो समुदायका मानिसहरू किन आफ्नो पहिचान खोज्नतर्फ

लागेनन् र लागेका पनि किन सत्यतथ्य वाहिर ल्याउने गरी लाग्न सकेनन तथा किन यिनीहरू सामाजिक रूपमा पछाडि परे ? भनेर यस शोधमा खोजि गरिएको छ ।

प्राचीन कालमा नेपालको दक्षिणतिरबाट आएका आर्यहरू र उत्तरतिरबाट आएका मंगोल जातिको समिश्रणबाट नेपाली समाजको निर्माण भएको पाइन्छ । यस्तो समीश्रण भए तापनि परापूर्वकालदेखि नै नेपालमा हिन्दू धर्म र संस्कृतिले जरा गाडेको पाइन्छ । यसरी नै हिन्दू धर्मको प्रभाव परेको आदिवासी घर्ती जनजातिको बारेमा देखिएका निम्न प्रश्नको उठान गरिएको छ ।

**यो शोधपत्र घर्ती (भुजेल) जातिको निम्न समस्याहरूको उत्तर खोजि गर्न केद्रित रहेको छ ।**

१. घर्ती जाति पिछडिनुको मुख्य कारणहरू के के छन् ?

२. उपल्ला मानिने जातिहरूले यिनीहरूलाई किन शोषणमा पारे ?

३. यिनीहरूको सामाजिक तथा आर्थिक स्थिति कमजोर रहनुको कारण के हो ?

४. यस जातिको अन्य जातिहरुसँग कस्तो सम्बन्ध छ ?

## अध्ययनको उद्देश्य

भुजेल जातिको सामाजिक, सांस्कृतिक अवस्था बारे जानकारी प्राप्त गर्नु यस अध्ययनको सामान्य उद्देश्य रहेको छ भने विशिष्ट उद्देश्यहरू निम्न छन् ।

१. भुजेल जातिको सामाजिक सांस्कृतिक अवस्थाको विश्लेषण गर्ने ।

२. भुजेल जाति पिछडिनुको मुख्य कारणहरू खोजी गर्ने ।

३. भुजेल जातिको अन्य जातिसँगको सम्बन्धको विश्लेषण गर्ने ।

## अध्ययनको औचित्य तथा महत्व

आफ्नो मातृभाषा भएर पनि धेरैजसो घर्तीहरू नेपाली भाषा बोल्ने विभिन्न जनजातिहरू मध्ये एक हुन् । यो अध्ययनले घर्ती जातिको जातीय पहिचान, समाजमा यस जातिको स्थान, यस जातिको संस्कृति, परम्परा, भाषा, भेषभूषा, रीतिरिवाज र चालचलनको बारेमा तथा महिलाको अवस्था, पेशा, शैक्षिक अवस्था आदिको बारेमा अध्ययन गरी सत्य तथ्य बाहिर ल्याउन प्रयास गरेको छ । यसका निम्ति सहयोग गर्नेछ । यस जातिको बारेमा अध्ययन गरी स्याङ्जा जिल्ला फापरथुम गा.वि.स.मा बस्ने घर्ती जातिको सामाजिक

सांस्कृतिक अवस्था, आर्थिक तथा पेशागत पक्ष त्यसको प्रभावको बारेमा अन्य जानकारी थप्ने छ । यस जातिको अन्य जातिसँगको अन्तरसम्बन्ध पत्ता लगाउनेछ जसको कारणले यो अध्ययन औचित्यपूर्ण र समसामयिक छ ।

## अध्ययनको सीमा

जुनसुकै अध्ययनको क्रममा सीमाको निर्धारण अपरिहार्य हुन्छ । सीमाको निर्धारण वा पूर्व निर्धारणको कारण सम्पूर्ण पक्षको अध्ययन गर्न नसकिनुका साथै समय र स्रोतको अभाव हो । यस अध्ययनमा सम्पूर्ण नेपाल भरी बसोबास गर्ने घर्ती जातिको बारेमा अध्ययन गर्न नसके पनि स्याङ्जा जिल्ला फापरथुम गा.वि.स.मा बसोबास गर्ने घर्ती जातिको बारेमा र उनीहरूको अन्य जातिसँगको अन्तरसम्बन्धको अध्ययन गर्ने उद्देश्य रहेको छ । यो अध्ययनमा सामाजिक, सांस्कृतिक अवस्था र अन्य जातिसँगको अन्तरसम्बन्धको बारेमा मात्र अध्ययन गरिएको छ ।

## अध्ययन विधि

यस अध्ययनमा वर्णनात्मक  र विश्लेषणात्मक दुवै विधिलाई अवलम्वन गरिएको छ । जसमा तथ्याङ्क स्रोत र प्रकृति तथा तथ्याङ्क सङ्कलनका साधनहरू निम्नानुसार छन् :-

## तथ्याङ्कको प्रकृति र स्रोतहरु

यस अध्ययनमा प्राथमिक तथा द्वितीय दुवै प्रकारका तथ्याङ्कको उपयोग गरिएको छ र प्राथमिक तथ्याङ्क र अध्ययन सँग सम्बन्धित प्राय : जानकारी अध्ययन क्षेत्रबाट नै सङ्कलन गरिएको छ । ती तथ्याङ्कहरूबाट साथै महत्वपूर्ण जानकारीहरू घर्ती जातिको घरमुलीबाट लिइएको छ । यसका अतिरिक्त द्वितीयक तथ्याङ्क सङ्कलनको लागि विभिन्न पुस्तकालय, घर्ती जाति तथा अन्य जातिसँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित लेख रचना एवं अन्य पुस्तकका साथै फापरथुम गा.वि.स. कार्यालय समेतको उपयोग गरिएको छ । यिनै प्राप्त तथ्याङ्कको आधारमा व्याख्या विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

### तथ्याङ्क सङ्कलनका साधनहरू

अध्ययन कार्यमा मुख्यतया प्राथमिक तथ्याङ्कको आधार लिइएको छ। निम्न विधिद्वारा तथ्याङ्क सङ्कलन गर्दा विविध पद्धति अपनाएर गरिएको छ।

### प्राथमिक तथ्याङ्क

यस अध्ययनमा प्राथमिक तथ्याङ्क सङ्कलन गर्दा अध्ययनसँग सम्बन्धित प्राय : जानकारी अध्ययन क्षेत्रबाट सङ्कलन गरिएको छ। गुणात्मक र संख्यात्मक तथ्याङ्कहरूको सहयोगबाट नै अध्ययन कार्य उपलब्धी मुलक हुने हुँदा यस शोधकार्यमा अन्तर्वार्ता, र अवलोकन पद्धतिलाई अपनाइएको छ।

- क) **प्रश्नावली**
- ख) **अवलोकन**
- ग) **मुख्य सूचनादातासँग अन्तर्वार्ता**
- घ) **स्थलगत रिपोर्ट**
- ङ) **अन्तरवार्ता**

### द्वितीयक सूचना वा तथ्याङ्कका स्रोत

यस अध्ययनलाई पूर्ण र गहन बनाउनका लागि आवश्यक द्वितीयक सूचना स्रोत उपयोग गरिएको छ। घर्ती जातिको मानव जातीय इतिहास सांस्कृतिक पक्ष माथि प्रकाश पार्न सापेक्ष द्वितीयक स्रोतबाट सूचनाहरू लिइएको छ। तथ्याङ्क विभागबाट प्रकाशित जनगणना, नापी विभागबाट प्रकाशित नक्सा, गा.वि.स.को सूचना, विभिन्न पत्र पत्रिकामा प्रकाशित घर्ती जाति सम्बन्धी जानकारी आदि स्रोतको उपयोग गरिएको छ।

त्यसै गरी विभिन्न पुस्तक प्रतिवेदन, भुजेल सेवा समाजद्वारा प्रकाशित तथा संकलित सूचनाहरू, जर्नलहरूमा संकलित सूचनाहरू पनि अध्ययनमा प्रयोग भएका छन्।

## सूचना विश्लेषणको तरिका

संकलित डाटालाई प्रस्तुत शोध अध्ययनमा व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ। प्राप्त तथ्याङ्कलाई निर्दिष्ट उद्देश्य प्राप्तिका लागि विभिन्न मुख्य तथा सहायक भागमा विभाजन गरी तालिकाद्वारा प्रस्तुत गरिएको छ। प्रतिवेदन प्रस्तुत गर्ने क्रममा गुणात्मक तथा संख्यात्मक दुवै विधि प्रयोग गरिएको छ।

यस अध्ययनमा विश्लेषणात्मक तरिकालाई जोड दिएर सूचना प्रस्तुत गरिएको छ। तथ्याङ्कको विश्लेषणमा साधरण प्रक्रिया विधि प्रयोग गरिएको छ।

## प्राप्ति तथा निस्कर्ष

- भूजेल नेपालमा बसोबास भएका मुख्य जनजातिमध्ये एक हो र यो जातिको प्रमुख थलो ढोरपाटन क्षेत्रको घर्तीकोट र भूजि उपत्यका हो।
- भुजेल जातिको नेपालमा बाइसे चौबिसे राज्य सुरू पूर्व आफ्नै राज्य रहेको थियो भन्ने कुरा .श्रुति तथा परम्पराबाट थाहा हुन्छ। यिनीहरूलाइ दक्षिण तिरबाट आएका आर्यहरूले राज्य विहीन पारेका थिए।
- भूजेल जाति नेपालमा तिब्बततिरबाट हिमाल पार गरी भूजि उपत्यका वरपर आई बस्न थालेका हुन् भन्ने बढी सान्दर्भिक मत हो। यिनीहरूले यही भूमिमा आफ्नो संस्कृतिको विकास गरेका हुन्।
- घर्ती र भुजेल दुवै एउटै जाति हुन घर्तीखोला वरपरकाा घर्ती र भूजीखोला वरपरका भुजेल कहलाइएका हुन्।
- भूजेल आफ्नै भाषा तथा संस्कार भएको आदीवासी जनजाति हो। अझै पनि कतिपय ठाउँमा यिनीहरू आफ्नै भाषा बोल्दछन्।
- प्रमुख भुजेल बस्तीमा आफ्नै कुल परम्परा अनुसार जन्म, मृत्यु, विवाह संस्कार आदि चलाउँदछन्। यिनीहरूले ब्राह्मणको सहयोग लिँदैनन्।
- फापरथुम गा.वि.स.का घर्तीहरू हालको परिवर्तीत अवस्थामा पनि अधिकतम संयुक्त परिवारमा वसेको पाइयो। जुन ६५.३०प्रतिशत हुन आउँछ।
- फापरथुम गा.वि.स.का घर्ती जातिका अधिकांश घर ४४.९० प्रतिशत कच्ची टिनको छाना भएका रहेको पाइयो।
- अध्ययन् क्षेत्रका ९५.९१ प्रतिशत घर्ती जाति कृषि पेशामा संलग्न रहेको पाइयो।
- अध्ययन क्षेत्रका जम्मा ४९ घरपरिवार मध्ये ३४ घरपरिवार वैदेशीक रोजगारमा संलग्न भएको पाइयो।
- पशुपालनमा ८६ प्रतिशत घरपरिवारले भैसी पालन गरेको देखियो।
- अध्ययन क्षेत्रका जम्मा १० प्रतिशत घर्ती परीवारलाई मात्र आफ्नो उत्पादनले खान पुग्ने देखियो।

- अध्ययन क्षेत्रका जम्मा १० प्रतिशत घर्ती परिवारले मात्र शौचालय नवनाएको भएपनि १-२ महिना भित्र नै निर्माण गर्ने योजना रहेको वताएको पाइयो ।
- विभिन्न सामाजिक समूहहरूमा घर्ती जातिको संलग्नता राम्रै रहेको पाइयो । सामुदायिक वन उपभोक्ता समूहमा १०० प्रतिशत घर्ती जातिको संलग्नता रहेको पाइयो ।
- विभिन्न स्थानमा अल्प संख्यामा रहेका भूजेलहरूलाई विभिन्न उच्च जात भनिनेले डोले, कलस्यौली जस्ता काममा आफ्नो सुविधा अनुसार लगाएका थिए । यो उनीहरूको अल्पसंख्याको फाइदा उठाएको भन्न सकिन्छ ।
- भूजेल जाति तथा जनजातिहरूको भाषा तथा संस्कृति विविध कारणले गर्दा हाल आएर लोपोन्मुख देखिएको छ । यसलाई जोगाउन आवश्यक कदम अनिवार्य छ ।

## सुझावहरू

- सर्वप्रथम भुजेल जातिहरूलाई शिक्षाको पुहँचसम्म पुऱ्याउन सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । शिक्षा विना उनीहरूले आफ्नो संस्कृति र भाषा आदिको रक्षा गर्नु गाह्रो छ । यिनीहरू आफ्नो विशिष्ट पहिचान के हो भन्ने विषयमा अनविज्ञ नै रहन्छन् ।
- विश्व विद्यालय तथा अनुसन्धान संस्थाले समेत आफ्ना शोधार्थीलाई यस जातिको अध्ययनको लागि प्रोत्साहन गर्नु पर्दछ ।
- आर्थिक रूपले पनि कमजोर रहेका यो जातिमा सीपमूलक तालिम आयआर्जनजस्ता क्रियाकलाप संचालन गरी आर्थिक रुपमा सबल बनाउन सकेमा सांस्कृतिक विचलनबाट जोगाउन सकिन्छ ।
- यसै जाति भित्रका शिक्षित, बुद्धिजीवी, टाठाबाठाले सङ्गठित ढंगबाट कार्यक्रम संचालन गरी जातीय उत्थानलाई बढवा दिनुपर्ने देखिन्छ ।

# विषयसूची


| शीर्षक | | पृष्ठ |
|---|---|---|
| सिफारिसपत्र | | |
| स्विकृतिपत्र | | |
| कृतज्ञताज्ञापन | | |
| शोध शार | | |
| विषयसूची | | |
| तालिका सूची | | |
| चित्र सुची | | |
| **अध्याय एक : परिचय** | | **१-६** |
| १.१ | परिचय | १ |
| १.२. | समस्याको कथन | ४ |
| १.४. | अध्ययनको उद्देश्य | ५ |
| १.३. | अध्ययनको औचित्य तथा महत्व | ५ |
| १.५ | अध्ययनको सीमा | ६ |
| १.६ | अध्ययनको संगठन | ६ |
| **अध्याय दुई : पूर्वसाहित्यको समीक्षा** | | **७-१६** |
| २.१ | भुजेल जाति र परिचय | ७ |
| २.२ | मौलिक आख्यान र भुजेल जातिको उत्पती | ८ |
| २.३ | ऐतिहासीक तथ्य र भुजेल जातिको पहिचान | ११ |
| २.४ | भुजेल जातिका थर उपथर | १५ |
| **अध्ययन तीन : अनुसन्धान विधि** | | **१७-२१** |
| ३.१ | अध्ययन क्षेत्रको छनौट | १७ |
| ३.२ | अनुसन्धान ढाँचा | १८ |
| ३.३ | नमूना छनौट | १८ |
| ३.४ | तथ्याङ्कको प्रकृति र श्रोत | १८ |

३.५ तथ्याङ्क संकलन विधिहरु १८

३.६ द्वितीय तथ्याङ्क २०

३.७ सूचना विश्लेषणको तरीका २०

३.८ पूर्व परिक्षण २०

**अध्याय चार : भुजेल जातिको सामाजिक तथा आर्थिक अवस्था २२-४०**

४.१ अध्ययन क्षेत्रको परिचय २२

४.२ पारिवारीक सम्वन्ध र संगठन २४

४.३ आर्थिक अवस्था २७

४.४ मानव संसाधनको अवस्था ३५

४.५ स्वास्थ्य स्थिति ३८

**अध्याय पाँच : भुजेल जातिको धार्मिक तथा साँस्कृतिक अवस्था ४१-५०**

५.१ घर्ती जातिको भेषभूषा र गरगहना ४१

५.२. घर्ती वा भुजेल भाषा वा धर्म ४२

५.३ चाड पर्वहरु ४३

५.४ पूजाआजा ४५

५.५ भुजेल जातिका संस्कारहरु ४६

**अध्याय छ : घर्ती भूजेल जातिको अन्य जातिसँगको अन्तरसम्बन्ध ५१-५४**

६.१ ऐतिहासिक अवस्था र सम्वन्ध ५१

६.२ अन्य जातिले समाजमा घर्ती जातिलाई हेर्ने दृष्टिकोण ५२

६.३ भुजेल जातिले समाजमा आफू भन्दा तल्लो जातिप्रति गर्ने व्यवहार ५४

६.४ सांस्कृतिक अन्तरसम्बन्ध ५४

**अध्याय सात : सांराश, निष्कर्ष र सुझाव ५५-६०**

७.१ सारांश ५५

७.२ निष्कर्ष तथा मुख्य प्राप्ति ५७

७.३ सुझाव ५९

**सन्दर्भग्रन्थ सूची**

**अनुसूचीहरु**

# तालिका सूची


| क.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | फापरथुम गा.वि.स.को उमेरगत आधारमा भुजेल जातिको जनसंख्या विवरण | २४ |
| २. | भुजेल जातिको परिवार सम्बन्धी विवरण | २५ |
| ३ | फापरथुम गा.वि.स.का घर्ती जातिको घरको विवरण | २८ |
| ४. | फापरथुम गा.वि.स.का घर्ती जातिको रोजगार सम्बन्धी विवरण | २९ |
| ५. | फापरथुम गा.वि.स.को घर्ती जातिका वैदेशिक रोजगारमा संलग्न परिवारको विवरण | ३० |
| ६. | फापरथुम गा.वि.स.का घर्ती जातिको पशुपंक्षी सम्बन्धी विवरण | ३२ |
| ७. | फापरथुम गा.वि.स.का घर्तीहरूको खाद्यान्नको उत्पादनको स्थिती मुरीमा | ३२ |
| ८. | फापरथुम गा.वि.स.का घर्ती जातिको खाद्यान्न पहुँचको स्थिति | ३४ |
| ९. | फापरथुम गा.वि.स.कोघर्ती परिवारको वार्षिक आयस्तर | ३५ |
| १०. | फापरथुम गा.वि.स.का घर्ति जातिको शैाक्षिक अवस्था | ३६ |
| ११. | फापरथुम गा.वि.स.का घर्ती जातिको व्यवसायिक तालिम सम्बन्धी विवरण | ३७ |
| १२. | फापरथुम गा.वि.स.का घर्ती जातिको जनचेतनामूलक तालिम सम्बन्धी विवरण | ३७ |
| १३. | फापरथुम गा.वि.स.का घर्तीजातिको शौचालय सम्बन्धी विवरण | ३८ |
| १४. | फापरथुम गा.वि.स.का घर्ती जातिको खाना पकाउने इन्धनसम्बन्धी विवरण | ३९ |
| १५. | फापरथुम गा.वि.स.का घर्ती जातिको चुल्होको विवरण | ४० |
| १६. | फापरथुम गा वि स का घर्ती जातिको परिवार नियोजन संवन्धी धारणा | ४० |
| १७. | फापरथुम गा.वि.स.का घर्तीहरू संलग्न रहेका सामाजिक समूहहरूको विवरण | ५३ |

# चित्र सूची


| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | फापरथुम गा.वि.स.का घर्ती जातिको परिवार सम्बन्धी विवरण | २५ |
| २. | फापरथुम गा. वि. स. को घर्ती जातिको रोजगार सम्बन्धी विवरण | २९ |
| ३. | फापरथुम गा.वि.स.को घर्ती जातिका वैदेशिक रोजगारमा संलग्न परिवारको विवरण | ३१ |
| ४. | घर्तीहरुको खाद्यान्नको उत्पादनको स्थिति मुरीमा | ३३ |
| ५. | फापरथुम गा.वि.स.का घर्ती जातिको शौचालय सम्बन्धी विवरण | ३९ |

# अनुसूची १
## अध्ययनका क्रममा सोधिएका मुख्य प्रश्नहरु

१. तपाईको जातिको थरको विभाजनबारे जानकारी गराउनुहोस् ।

२. तपाईको मुख्य थलो कहाँ हो ? तपाईहरु कहाँबाट यहाँसम्म आउनुभयो ?

३. तपाईको भाषाको बारेमा केही भन्नुहुन्छ कि ?

४. समाजमा कत्तिको सहज अनुभव गर्नुहुन्छ ?

५. घर्तीको वास्तविक अवस्थाबारे केही भन्नुहुन्छ कि ?

६. तपाईको विशिष्ट पहिचान झल्काउने साँस्कृतिक पक्षको बारेमा केही बताइदिनु हुन्छ कि ?

# अनुसूची २

## अध्ययनका क्रममा सोधिएका प्रश्नहरु

| क.सं. | नाम/थर | उमेर | लिङ्ग | शैक्षिक योग्यता | वैवाहिक स्थिति | मुख्य पेशा | सहायक पेशा |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |

१. तपाईको थर कसरी घर्ती रहन गयो ?

उत्तर : ..........................................................................................................

२. तपाईको थर घर्ती वा भुजेल के लेख्न रुचाउनु हुन्छ ?

क. घर्ती ख. भुजेल

३. तपाईहरु आफ्नो मुख्य थलोबाट यहाँसम्म कसरी आइपुग्नु भयो ?

उत्तर : ..........................................................................................................

४. तपाईहरुलाई आफ्नो भाषाको बारेमा ज्ञान छ ?

उत्तर : ..........................................................................................................

५. तपाईहरु कस्तो परिवारमा बस्नुहुन्छ ?

क. एकल ख. संयुक्त

६. खानेपानी कहाँको प्रयोग गर्नुहुन्छ ?

क. धारा ख. कुवा ग . अन्य

७. शौचालय कस्तो प्रयोग गर्नुहुन्छ ?

क. कच्ची ख. पक्की ग. खुल्ला

८. बिरामी पर्दा कहाँ उपचार गराउनुहुन्छ ?

क. स्वास्थ्य चौकी ख. अस्पताल ग.धामी झाँक्री

९. खाना के मा पकाउनुहुन्छ ?

क. दाउरा ख. ग्याँस ग. स्टोभ

१०. परिवारका मानिसहरु कुनै संघ संस्थामा आवद्ध छन् वा छैनन् ?

क. छन् ख. छैनन्

छन् भने कुन संस्थामा छन् ?

उत्तर : ..........................................................................................

११. निर्णय प्रक्रियामा महिलाको सहभागिता छ वा छैन ?

क. छ ख. छैन

१२. आम्दानीको मुख्य स्रोत के हुन् ?

उत्तर : ..........................................................................................

१३. छोराछोरीलाई कस्तो विद्यालयमा पढाउनु हुन्छ ?

क. सामुदायिक ख. निजी

१४. तपाईको समुदायमा कस्तो विवाहको चलन छ ?

क. मागी ख. भागी/प्रेम

१५. दाइजो प्रतिको धारणा कस्तो छ ?

क. सकरात्मक ख. नकरात्मक

१६. विवाह भोज कसरी गर्नुहुन्छ ?

क. सामान्य ख. भव्य

१७. विवाह भोजमा अन्य समुदायलाई निम्तो गर्नुहुन्छ वा हुँदैन ?

क. गर्छौं ख. गर्दैनौं

१८. छैठी, न्वारन, पास्नी कसरी गराउनुहुन्छ ?

उत्तर : ..........................................................................................

१९. छोरा छोरी जन्मदा केही फरक क्रियाकलाप गर्नुहुन्छ कि ?

उत्तर : ..........................................................................................

२०. पोशाक कस्तो लगाउनुहुन्छ ? पुरुष/ महिला

उत्तर : ..........................................................................................

२१. मुख्य-मुख्य चाड के-के हुन् ?

उत्तर : ..........................................................................................

२२. मुख्य खाना के-के हुन् ?

उत्तर : ......................................................................................................

२३. मृत्यु संस्कार कसरी गर्नुहुन्छ ?

उत्तर : ......................................................................................................

२४. अन्य प्रमुख संस्कारहरु केही छन् कि ?

उत्तर : ......................................................................................................

२५. तपाईलाई अन्य जातिले कुन् रुपले हेर्छन् जस्तो लाग्छ? मेलापात, अर्मपर्म चल्छ वा चल्दैन ?

उत्तर : ......................................................................................................

२६. अन्य समुदायलाई आफ्नो कार्यक्रममा तपाईहरुलाई निमन्त्रणा गर्छन् वा गर्दैनन् ?

उत्तर : ......................................................................................................

२७. आर्थिक लेनदेन अन्य जातिसँग हुन्छ वा हुँदैन ?

उत्तर : ......................................................................................................

२८. अरु जातिहरुप्रति तपाईको अवधारणा के छ ?

उत्तर : ......................................................................................................

२९. छुवाछुतलाई कत्तिको प्रश्रय लिनुहुन्छ ?

उत्तर : ......................................................................................................

३०. समुदायमा अन्तरजातीय विवाहलाई कसरी लिने गर्नुभएको छ ?

उत्तर : ......................................................................................................

३१. समाजमा ठूला जाति मानिने ब्राह्मण क्षेत्रीको व्यवहारबाट सन्तुष्ट हुनुहुन्छ ?

उत्तर : ......................................................................................................

३२. समाजमा दलित लगायत अन्य जातिप्रति कस्तो व्यवहार गर्नुहुन्छ ?

उत्तर : ......................................................................................................

# अनुशूची ३

## मुख्य सूचनादाताको नामावली

१ एक वहादुर भुजेल

फापरथुम गा.वि.स.वडा नं ६

उमेर :४२ वर्ष

२ ज्ञान वहादुर भुजेल

फापरथुम गा.वि.स.वडा नं ६

उमेर :३२ वर्ष

३ पुर्ण वहादुर भुजेल

फापरथुम गा.वि.स.वडा नं ३

उमेर :४६ वर्ष

४ पवित्रा भुजेल

फापरथुम गा.वि.स.वडा नं १

उमेर :२२ वर्ष

५ देवी घर्ती

फापरथुम गा.वि.स.वडा नं १

उमेर ३७ वर्ष